स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



दक्षिण भारतीय अभिनेता अल्लु अर्जुनको फिल्म 'पुष्पा २: द रु' हलमा रिलिज भएको १८ दिन भइसक्यो। तर अझै दर्शकमाथि फिल्मको जादु हटेको छैन। फिल्मले शानदार कमाइ गरिरहेको छ। भारतको बक्स अफिसमा हजार करोड भारुको स्तर पार गरेर फिल्मले बाहुबली-२ को रेकर्ड पनि तोडिदिएको छ। आइतबार फिल्मले ३३ करोड २५ लाख भारुको कलेक्सन गरेको थियो।

आजको विचार...



अदूरदर्शी...
(दुई पेजमा)

शंकरप्रसाद रिजाल



लामो समयदेखि दर्शकको एउटा तप्काले पर्दामा हेर्न चाहेको जोडी हुन्, अनमोल केसी र नीति शाह। फिल्ममा उनीहरुको जोडी बाँध्ने प्रयास नभएको पनि होइन, तर आजसम्म सहकार्य जुर्न सकेको छैन। फिल्म 'ड्रिम्स'मा नै अभिनेता भुवन केसीले अनमोल र नीतिको जोडी बाँध्न खोजेका थिए। तर, त्योबेला नीतिले रुचि नदेखाएपछि 'ड्रिम्स'बाट साम्राज्ञी आरएल शाहले डेब्यु गरेकी थिइन्। जब नीतिले अभिनेत्री बन्ने सोच बनाइन्, त्यसपछि पनि उनको अनमोलसँग जोडी बाँध्न केही निर्माता अगाडि सरेका थिए।

❒ वर्ष ३० ❒ अंक १५१ ❒ २०८१ पौष ९ गते मंगलबार 24 December 2024, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### युद्धमा १०० सैनिकको मृत्यु

**रासस/एएफपी**

**सियोल,** पौष ८/रूस र युक्रेनबीचको युद्धमा एक हजारभन्दा बढी उत्तर कोरियाली सैनिक हताहत (मृत्यु वा घाइते) भएको दक्षिण कोरियाको ज्वाइन्ट चिफ अफ स्टाफ (जेसीएस) ले सोमबार जनाएको छ । सियोलको जासुसी निकायले गत हप्ता सांसदहरूलाई बुझाएको एक रिपोर्टअनुसार डिसेम्बरमा युद्धमा प्रवेश गरेयता कम्तीमा १०० उत्तर कोरियाली सैनिक मारिएका छन् । प्योङयाङले रूसी सेनालाई सहयोग गर्न हजारौं कोरियाली सैनिक पठाएको छ । तीमध्ये अधिकांश सैनिक युक्रेनी सेनाले यसै वर्षको सुरुमा क्षेत्र कब्जा गरेको कुर्स्क सीमा क्षेत्रमा रहेका विश्वास गरिएको छ । जेसीएसले जारी गरेको विज्ञप्तिमा भनिएको छ, सूचना र गुप्तचरका विभिन्न स्रोतहरूमार्फत हामीले हालै युक्रेनी सेनासँगको लडाइँमा संलग्न करिब एक हजार १०० उत्तर कोरियाली सैनिक जना हताहत भएको आँकलन गरेका छौँ । जेसीएसले भनेको छ, 'रूसको युद्ध प्रयासमा सहयोग पुर्याउन उत्तर कोरियाली सैनिकको थप तैनाथीको सम्भावनामा हामी विशेष चासो राख्छौं ।' जेसीएसका अनुसार प्योङयाङले 'चक्रानुक्रममा पूरानालाई फिर्ता बोलाई नयाँ सैनिक वा थप सैनिक तैनाथ' गर्ने तयारी गरिरहेको छ ।

# होसियार, गहना सफा गर्ने मान्छे ठग हुन सक्छ

**रामचन्द्र रायमाझी**

**पाल्पा,** पौष ८/के तपाई झोले व्यक्तिसँग सुनको बहुमूल्य गरगहना सफा गराउँदै त हुनुहुन्न ? के कसैले सुनका गहना सफा गरिदिन्छु भन्यो भनेर मख्ख पर्नुभएको त छैन् ? यदि हुनुहुन्छ भने बेलैमा होसियारी अपनाउनु होला । किनभने, त्यो मानिस सुन चोर पनि हुन सक्छ ।

अहिले गरगहना सफा गर्ने निहुँमा झोले ठगहरुको बिगबिगी बढ्न थालेको छ । ती झोले ठगहरु घरमा अन्य सदस्य नभएको मौका छोपी महिलालाई आफ्नो कला देखाउँदै ठग्न थालेका छन् । पछिल्लो समय पाल्पाका गाउँघरमा सुनचोरीका नयाँ-नयाँ घटनाहरु सार्वजनिक भइरहेका छन् । यहाँका गाउँघरमा सुनका गहना सफा गर्ने भन्दै नक्कली सुन दिएर सक्कली गहना लिएर फरार भएका र केही व्यक्ति प्रहरी नियन्त्रणमा आएका घटनाहरु सार्वजनिक भएका छन् ।



प्रहरीले पछिल्लो समय जिल्लाको रैनादेवी छहरा गाउँपालिका-७ बल्ढेङ्गढीमा नक्कली सुनको जस्तो डल्लो देखाई प्रलोभनमा पारी सुनका गहना झिकेर लैजाने चार जनालाई पक्राउ गरेको छ । बल्ढेङ्गढीकी ७८ वर्षीया डिलकुमारी बगालेको सुन सफा गर्ने बहानामा ठगी गरेका चार जनालाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक तथा सूचना अधिकारी सुनिल मल्लले जानकारी दिए । उनका अनुसार रौतहट ईशनाथ गाउँपालिका-२ का ३० वर्षीय अनिल कुमार शाह, सोही स्थानका २१ वर्षीय आशिक शाह, अर्का २१ वर्षीय राकेश शाह र अर्का २१ वर्षीय कृष्ण शाहलाई नियन्त्रणमा लिइएको हो । उनीहरुले बगालेको सुन फोहोर भएको र सफा गर्ने बहानामा अर्को सुनको जस्तो देखिने रिङ दिएर फरार भएको अवस्थामा प्रहरीले पक्राउ गर्न सफल भएको उपरीक्षक मल्लले जानकारी दिए । उनीहरुलाई खोजतलास गर्ने क्रममा पाल्पाकै रैनादेवी छहरा गाउँपालिका-७ तल्लो काउलेमा फेला पारेको प्रहरीले जनाएको छ । चारै जनालाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको छ । गत साउन दोस्रो साता पनि यसै गरी सुन ठगी गर्ने अन्य चार जनालाई प्रहरीले तानसेनबाट नियन्त्रणमा लिएको थियो । पाल्पाको तिनाउ गाउँपालिका -३ झुम्साका ६३ वर्षीय चुरामणी गाहा मगर, रुपन्देहीको सैनामैना नगरपालिका -८ का ४२ वर्षीय गुञ्जबहादुर मगर, रुपन्देहीकै कञ्जन गाउँपालिका- १ का ३३ वर्षीय लक्ष्मण कुमाल र रुपन्देही ओमसतिया गाउँपालिका -५ घर भई हाल बुटवल उपमहानगरपालिका लक्ष्मीनगरमा डेरा गरी बस्ने ५३ वर्षीय गिरी बहादुर थापा भुजेललाई प्रहरीले नियन्त्रणमा लिएको थियो । ति व्यक्तिहरुले अघिल्लो वर्षको भदौ २६ मा तानसेन नगरपालिका -४ होलादीस्थित मनकामना होटेल नजिकै तिनाउ गाउँपालिका -५ भोक्तछापकी ५७ वर्षीया बमिसरा रानालाई नक्कली सुनको जस्तो डल्लो देखाई प्रलोभनमा पारी सुनका गहना लगेका थिए । उनीहरुले ति महिलाले लगाएको १ तोला सुनको कुण्डल रिङ झिकेर भागेका थिए । यस्तै गत चैत १८ मा तानसेन- ६ लहरेपिपलमा बगनासकाली गाउँपालिका- ९ चापपानीकी ६३ वर्षीया डोल कुमारी थापाले लगाएको १ तोला १२ लालको सुनको रिङ कुण्डल झिकेर उनीहरु भागेका थिए । यस्तै उक्त समूहले गत जेठ २७ मा तानसेन -३ प्रगतीनगर टोलमा रिब्दीकोट गाउँपालिका-७ की ५७ वर्षीया भुमी कुमारी गाहाले लगाएको १ तोलाको सुनको रिङ कुण्डल झिकेर भागेको थियो । यसरी गहना ठगी हुन थालेपछि प्रहरीले समेत सक्रियता बढाएको छ ।

## गुल्मीमा भलिबल प्रतियोगिता हुँदै



**गुल्मी,** पुस ८/गुल्मीको मुसिकोट नगरपालिका-७ वामीटक्सार बजारमा यही पुस १२ देखि २१ गतेसम्म पुरुष भलिबल प्रतियोगिता सञ्चालन हुने भएको छ । दोस्रो मुसिकोट महोत्सवका अवसरमा मुसिकोट नगरपालीकामा उक्त प्रतियोगिता आयोजना गर्न लागिएको हो ।

गुल्मी मुसिकोट उद्योग वाणिज्य सैको आयोजनामा सञ्चालन हुन लागेको उक्त प्रतियोगिताको विजेताले दुई लाख एक हजार, दोस्रो हुनेले रु एक लाख एक हजार र तृतीय हुने टोलीलाई ५१ हजार पुस्कार प्रदान गरिने महोत्सवका खेल संयोजक लक्ष्मण फुल्लेलले जानकारी दिए । प्रतियोगितामा एक दर्जनभन्दा बढी टोली सहभागी हुने बताइएको छ । महोत्सवमा भलिबलका साथै स्थानीय कृषि उपज, स्थानीय घरेलु वस्तु, शैक्षिक सामग्री, स्थानीयस्तरमा रहेका पम्परागत झाँकीको प्रदर्शनी, नृत्य प्रतियोगीता लगायत कार्यक्रम गर्न लागिएको गुल्मी मुसिकोट उद्योग वाणिज्य संघका अध्यक्ष गोपीकृष्ण खरेलले जानकारी दिए ।

**-रासस**

## पाल्पामा काँग्रेसको सय दिने अभियान : भातृ र शुभेच्छुकलाई अभिमुखीकरण

**पाल्पा,** पौष ८/नेपाली काँग्रेस पाल्पाले '१०० दिने विशेष अभियान' अन्तर्गत भातृ र शुभेच्छुक संस्थाका प्रतिनिधिहरुका लागि अभिमुखीकरण कार्यक्रम गरेको छ । काँग्रेसले सोमबार पार्टी कार्यालयमा एक दिने अभिमुखीकरण कार्यक्रम गरेको हो ।



कार्यक्रममा नेपाली काँग्रेसका केन्द्रीय सदस्य तथा प्रतिनिधी भरत कुमार शाहले लोकतन्त्रलाई बलियो बनाउन सबै सक्रिय हुन जरुरी रहेको बताए । उनले अभियानका क्रममा जनस्तरबाट उठेका सवालहरूलाई पार्टीले आफ्नो मुद्दा बनाएर अघि बढ्ने प्रतिवद्धता पनि व्यक्त गरे । उनले काँग्रेसको संगठनका गतिविधि चलायमान गराउनु नै अभियानको मुख्य उद्देश्य भएको पनि बताए ।

नेता शाहले पार्टी भित्र देखिएका असन्तुष्टिहरूलाई पनि अभियानले सम्बोधन गर्ने धारणा व्यक्त गरे । केन्द्रीय सदस्य डा. डिला संग्रौलाले लोकतन्त्रको अनुभुति गाउँ गाउँमा गराउन काँग्रेस सक्रिय भएर लागेको बताइन् । उनले काँग्रेस सक्किएर हैन सच्चिएर अगाडि बढेको भन्दै अब तल्लो तहबाटै संगठन बलियो बनाएर लैजान भातृ तथा शुभेचछुक संस्थाका प्रतिनिधिहरुलाई आग्रह गरिन् । नेतृ संग्रौलाले काँग्रेसका कार्यकर्ताहरुलाई उत्पादनसँग जोड्ने गरी काँग्रेसले काम थालेको पनि बताईन् । अर्का केन्द्रीय सदस्य गोविन्द शाहले पार्टीलाई चलायमान बनाउ भातृ र शुभेच्छुक संस्थाहरु समेत क्रियाशिल बन्नुपर्नेमा जोड दिए ।

**-बाँकी अन्तिम पेजमा...**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## कृषि अनुदान दिने मात्र होइन, नियमन पनि गर

**सामान्य अर्थमा कृषि अनुदान भनेको सरकार वा अन्य निकायद्वारा किसानलाई प्रदान गरिने आर्थिक सहायता हो । यसको उद्देश्य कृषिमा उत्पादन बढाउने र किसानको जीवनस्तर सुधार गर्नु हो । किसानको उन्नति र विकासका लागि सरकारले वर्षेनी अर्बौंको बजेट छुट्याएको हुन्छ । त्यही बजेटमार्फत किसानलाई विभिन्न प्रकारका कृषि सामग्रीमा अनुदान, उत्पादनमा आधारित अनुदान, आय सुनिश्चितता अनुदान दिने गरिन्छ । कृषि अनुदानले किसानको आम्दानी वृद्धि गर्न मद्दत गर्छ । जब किसानले अनुदानबाट सामग्री र सेवा पाउँछन्, उनीहरूको उत्पादनमा वृद्धि हुन्छ । यसले बजारमा वस्तुको मूल्यमा स्थिरता ल्याउने अवसर पनि प्रदान गर्छ । किसानको आर्थिक अवस्था सुधारिँदा यसले समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्न सक्छ । अनुदानले किसान परिवारको जीवनस्तरमा सुधार ल्याउने क्षमता राख्छ । आर्थिक सुरक्षा बढ्दा परिवारले शिक्षा र स्वास्थ्यमा लगानी गर्न सक्छ । यसले युवालाई कृषिक्षेत्रमा आकर्षित गर्ने अवसर पनि सिर्जना गर्छ । जब अनुदान र सुविधा उपलब्ध हुन्छन्, युवा वर्ग खेतीमा संलग्न हुने इच्छा जागृत हुन्छ । तर पछिल्लो समय अनुदान वास्तविक किसानसम्म पुग्न सकेको छैन् । जसको पहुँच छ उसैले मात्र अनुदान पाउने गरेका छन् । यो अत्यन्त दुःखको कुरा हो ।**

**सरकारले कृषिलक्षित अनुदानका कार्यक्रम स्थानीय किसानका माझमा पुऱ्याउनु र उनीहरूलाई आवश्यक परेको बजेट तथा सेवासुविधा उपलब्ध गराउनु आफैमा प्रशंसनीय कार्य हो । तर, अनुदान रकम त किसानका नाममा गैरकिसान र पार्टी कार्यकर्ताले दुरुपयोग गरिरहेका छन् । यसैले यस्ता विकृतिका कारण सरकारले राखेको लक्ष्य प्राप्त गर्न कठिन र असम्भव हुँदै गएको हो । यस्ता विकृति रोक्न एकीकृत अनुदान डाटावेस तयार पार्नेदेखि कार्यविधि सरल र सहज बनाएर अनुदान दिने र प्राप्त गर्नेको विवरण राखी कडाइका साथ अनुगमनको व्यवस्था गरिनुपर्छ । त्यसो भए मात्र अनुदानको सदुपयोग हुने र जनताको आर्थिक अवस्थामा समेत परिवर्तन आउने थियो । तसर्थ सरकारले अनुदान दिने मात्र होइन त्यसको नियमन गर्नेतर्फ पनि विशेष ध्यान दिन जरुरी छ ।**

## Opinion @ Social Network

जिन्दगी बुझ्ने सबैको आ-आफ्नो तरिका हुन्छ
बिचार नमिल्दैमा सबै गलत पनि हुँदैन ।
(सम्झना क्षेत्रीकोफेसबुक स्टाटसबाट https://www.facebook.com/Samjhana.11)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# अदूरदर्शी नेतृत्व र मुलुकको अर्थव्यवस्था



शंकरप्रसाद रिजाल

*कुनै पनि देशको अर्थतन्त्र बलियो बनाउन देशमा रहेको पुँजी चलायमान हुनुपर्दछ। देशमा भएको रकम र पानी एकै चिज हो । एकचोटी कुनैपनि कुरामा लगानी भइ सकेपछि त्यसमा फेरि त्यत्तिकै मात्रामा लगानी हुँदैन । तसर्थ यसको प्रवाहमा निरन्तरता हुनुपर्दछ । यस बाहेक देशमा रहेका बैकिङ प्रणाली, उत्पादन, वित्तीय संस्था, आय आर्जन गर्ने माध्यम, औद्योगिक अर्थनीतिहरु र त्यसबाट हुने प्रतिफलको मात्रा सबै लाभ दायक हुने पर्दछ। यो सबै कुराहरु बुझेको अर्थविद र अर्थमन्त्रीको अति आबश्यक हुन्छ । पढाइमा दख्खल नभएका र पढेकाले पनि एक कोणबाट मात्र अर्थ व्यवस्था मिलाउन खोज्दा नेपालको अर्थतन्त्र जहिले पनि धरापमा परेको देखिन्छ । यसको साथै फेरि देशको बजार व्यवस्था चलायमान हुनुपर्दछ र लगानीको बाताबरण चुस्त र स्फुर्त हुनु पर्दछ । देशको लगानी मुख्यत कुन कुन कुरामा हुनु पर्छ भन्ने कुराको जानकारी आवश्यक हुन्छ । जनताको आधारभूत कुराहरुमा जहिले पनि ब्यापक लगानी गर्नु पर्दछ र उपभोक्ताहरुको माग र चाखलाई बिचार गरी सरकार सक्रिय हुनु पर्दछ । राजनीतिक दलका नेता देश र जनतको हितमा काम गर्ने भन्दा विदेशी शक्ति केन्द्रको आडमा काम गर्न थालेपछि मुलुकको आर्थिक अवस्थामा मात्रै होइन, देशको सार्वभौमिकतामाथि नै प्रश्न चिन्ह खडा भएको छ । परिवर्तनका नाममा राष्ट्रिय एकताका प्रतीक राजतन्त्रलाई नै फाल्ने काम भयो । राजतन्त्रलाई मुलुकबाट विदा गरेपछि विभिन्न आन्दोलनका नाममा राज्यका अंगमाथि निर्मम प्रहार हुन थाले । आन्दोलनको एउटै उद्देश्य हुन्थ्यो कि कसरी राज्य र राज्यका संयन्त्रलाई कमजोर पार्ने ।*

नेपालको वर्तमान आर्थिक व्यवस्था सुधार गर्ने लगायतका मुख्य एजेण्डा लिएर वर्तमान सरकार भएको भएपनि आर्थिक अवस्थामा सुधार आएको छैन । भ्रष्टाचार र कुशासनले जडा गाडेको मुलुकमा आर्थिक अवस्थामा सुधार आउन राजनीतिक नेतृत्वमा उच्च इच्छा शक्ति चाहिन्छ, जुन अहिलेको नेतृत्वमा देखिएको छैन । सस्तो लोकप्रियताका लागि मिठा मिठा नारा अगाडि सारेर जनतामा भ्रमको खेती गर्ने कामको सुरुवात अहिलेदेखि नभइ ०४६ सालको राजनीति परिवर्तनपछि नै सुरु भएको हो । त्यसअघिसम्म मुलुकको आर्थिक अवस्था समष्टीगत रुपमा राम्रो र स्थिर थियो । कृषिमा करीब करीब मुलुक आत्मनिर्भर जस्तो रहेको थियो । उत्पादनमा राम्रो फलदायी रहेको थियो । बाटोघाटो बिस्तारै बन्दै गएका थिए । कृषि उत्पादनका धेरै जसो बस्तु भारतमा निर्यात हुने गर्दथे । धान चामलसमेत भारतमा निर्यात हुने गर्दथ्यो । राष्ट्रको मौद्रिक नीति बलियो थियो । बेरोजगारको आयतन देशमा कम थियो । देशका युबा युबतीहरु कमै मात्रामा बिदेसिने गर्दथे । जनताहरु मुल्य वृद्धिको मारमा परेका थिएनन् । देशमा भ्रष्टाचार भएपनि नगन्य मात्रामा थियो । भ्रष्टाचारका ठूला ठूला काण्डहरु भएका थिएनन् । किनकि देशमा राजाको शासन थियो । यो शासनमा देशको परराष्ट्र नीति सवल र सक्षम थियो । देशलाई हेप्न कसैले सकेका थिएनन् । देशको बिकास विस्तारै भइरहेको थियो । समष्टिमा भन्ने हो भने देश उदाउँदो सूर्यको रुपमा रहेको थियो । तर २०४६ सालपछि आर्थिक उदारीकरणका नाममा मुलुकका उद्योगधन्धालाई निजीकरण गर्ने काम भयो, राजाका शासन कालमा निकै राम्रो नाफामा रहेका उद्योग कलकारखानालाई कौडीको भाउमा बेच्ने काम भयो, त्यहींबाट मुलुकमा आर्थिक संकट सुरु भएको हो ।

राजनीतिक दलका नेता देश र जनतको हितमा काम गर्ने भन्दा विदेशी शक्ति केन्द्रको आडमा काम गर्न थालेपछि मुलुकको आर्थिक अवस्थामा मात्रै होइन, देशको सार्वभौमिकतामाथि नै प्रश्न चिन्ह खडा भएको छ । परिवर्तनका नाममा राष्ट्रिय एकताका प्रतीक राजतन्त्रलाई नै फाल्ने काम भयो । राजतन्त्रलाई मुलुकबाट विदा गरेपछि विभिन्न आन्दोलनका नाममा राज्यका अंगमाथि निर्मम प्रहार हुन थाले । आन्दोलनको एउटै उद्देश्य हुन्थ्यो कि कसरी राज्य र राज्यका संयन्त्रलाई कमजोर पार्ने । ०४६ सालको राजनीतिक परिवर्तनपछि जनताको चाहना अनुसार सरकारले काम गर्न सकेन । स्पष्ट बहुमत हुँदासमेत संसद विघटन गर्ने र राजनीतिक अस्थिरता निम्त्याउने काम भयो । त्यही मेसोमा ०५२ सालदेखि माओवादीले सशस्त्र हिंसाको राजनीतिक सुरु गऱ्यो । विकासको दिशामा भर्खर बामे सर्दै गरेको मुलुकलाई हिंसात्मक राजनीतिले नराम्रोसँग प्रभावित बनायो । निहत्था नेपाली जनताको ज्यान दिने काम गर्यो। भौतिक संरचना र बैंक तथा वित्तीय संस्थामाथि लुटपाट गर्ने काम सुरु भयो । यो बीचमा १७ हजार नेपालीले ज्यान गुमाउन पुगे । मुलुकमा सशस्त्र हिंसाको सुरु भएपछि यद्धको डरले लाखौं युवा युवती बिदेशिन बाध्य भए । माओवादी युद्ध उत्कर्षमा पुगेका बेला राजा वीरेन्द्रको समुल बंश नै नरहने गरी दरबार हत्याकाण्ड हुन पुग्यो । यो हत्याकाण्ड आज पनि रहस्यको गर्भमा नै रहेको छ । त्यसपछि राजा बनेको ज्ञानेन्द्र शाहले मुलुकमा केही राम्रो गरेर जनताको नासो जनतालाई दिन्छु भनेर शासन सत्ता हातमा लिएपछि अत्तालिएका राजनीतिक दलहरु भारतको नयाँ दिल्लीमा युद्धरत पक्ष माओवादीसँग १२ बुँदे सम्झौता गर्दै मुलुकमा संविधान सभा र संविधानसभापछि २५० वर्षको इतिहास बोकेको राजतन्त्रै अन्त्य गरे । त्यतिमात्रै होइन, विभिन्न जात जाति, भाषा भाषि भएको मुलुकलाई संघीयताको नाममा सात प्रदेशमा विभाजन गरी आफ्ना नेता कार्यकर्तालाई व्यवस्थापन गर्ने थलोको बनाइएको छ । यो बीचमा मुलुक विदेशी ऋणको चंगुलमा फसेको छ । बेरोजगारीले डरलाग्दो रुप धारण गरेको छ, भ्रष्टाचार र कुशासनले मुलुकमा जरा गाडेको छ । बेरोजगारीको समस्या डरलाग्दो रुपमा बढिरहेको छ । हालसम्म देशका ८० लाख नेपालीहरु बिदेसिइ सकेको देखिन्छ । २०६२-०६३ पछि देशमा राजनीतिक दलका नेता जसरी पनि सत्तामा पुग्ने र आर्थिक दोहन गर्ने काममा केन्द्रित हुँदा राजनीतिक नेतृत्वप्रति जनतामा वितृष्णा पैदा भएको छ । सत्ता केन्द्रित राजनीति गर्दा आज मुलुक आर्थिक रुपमा जर्जर भएको छ । देश र जनताको चिन्ता नेताहरुमा देखिँदैन ।

जनताको नाममा राजनीति गर्ने र जनतनालाई जहिल्यै उपेक्षा गर्दाका परीणाम स्वतन्त्र र नयाँ खुलेका राजनीतिक दलप्रति जनताको आकर्षण बढेको देखिन्छ । ती जनताले आशा र भरोसा गरेका दलका नेतालाई पनि पुरातनवादी राजनीतिक दलले विभिन्न मुद्दामा दुख दिने काम गरिरहेका छन् । मुलुकमा गणतन्त्र स्थापना भएपछि आर्थिक र विकासको रुपमा मुलुकले छलाङ मार्छ भन्ने जनताले अपेक्षा गरेका थिए । तर जनताको अपेक्षा विपरित राजनीतिक दल जसरी पनि सत्तामा टिकिरहने, त्यसका लागि जस्तोसुकै सम्झौता गर्न तयार हुने अवस्था देखियो । मुलुकमा नयाँ संविधान जारी भएपछि राजनीतिक स्थिरता देखिएला भनेर आशा गरेका जनतामा त्यसपछिको राजनीतिक अस्थिरताका कारण निरासा मात्रै उत्पन्न भएको छ । संविधानमा व्यवस्था गरेको निर्वाचन प्रणालीले मुलुकमा कुनै एक मात्रै राजनीतिक दलको बहुमत नआउने स्पष्ट छ । समानुपातिक, समावेशीका नाममा योग्य र सक्षम व्यक्तिले अवसर नपाउने मात्रै होइन, त्यस्ता व्यक्ति बिदेश पलायन हुने स्थितिलाई बढावा दिएको छ । सरकारसँग मुलुकलाई आर्थिक रुपमा समृद्धि बनाउने, रोजगारी बृद्धि गर्ने र विदेश हुने पलायनलाई रोक्ने कुनै योजना देखिँदैन । जसका कारण मुलुकको आर्थिक अवस्था डामाडोल हुँदै गएको छ ।

कुनै पनि देशको अर्थतन्त्र बलियो बनाउन देशमा रहेको पुँजी चलायमान हुनुपर्दछ। देशमा भएको रकम र पानी एकै चिज हो । एकचोटी कुनैपनि कुरामा लगानी भइ सकेपछि त्यसमा फेरि त्यत्तिकै मात्रामा लगानी हुँदैन । तसर्थ यसको प्रवाहमा निरन्तरता हुनुपर्दछ । यस बाहेक देशमा रहेका बैकिङ प्रणाली, उत्पादन, वित्तीय संस्था, आय आर्जन गर्ने माध्यम, औद्योगिक अर्थनीतिहरु र त्यसबाट हुने प्रतिफलको मात्रा सबै लाभ दायक हुने पर्दछ। यो सबै कुराहरु बुझेको अर्थविद र अर्थमन्त्रीको अति आबश्यक हुन्छ । पढाइमा दख्खल नभएका र पढेकाले पनि एक कोणबाट मात्र अर्थ व्यवस्था मिलाउन खोज्दा नेपालको अर्थतन्त्र जहिले पनि धरापमा परेको देखिन्छ । यसको साथै फेरि देशको बजार व्यवस्था चलायमान हुनुपर्दछ र लगानीको बाताबरण चुस्त र स्फुर्त हुनु पर्दछ । देशको लगानी मुख्यत कुन कुन कुरामा हुनु पर्छ भन्ने कुराको जानकारी आवश्यक हुन्छ । जनताको आधारभूत कुराहरुमा जहिले पनि ब्यापक लगानी गर्नु पर्दछ र उपभोक्ताहरुको माग र चाखलाई बिचार गरी सरकार सक्रिय हुनु पर्दछ । यी कुराहरुलाई मध्यनजर गर्दै सरकारले काम गरेको खण्डमा मुलुकको अर्थतन्त्र मजबुत हुने निश्चित छ । तर यी सब कुरालाई खुद्रा लगानी गरी जसो तसो चालाउँदै जाने हो भने देशको अर्थतन्त्रले कहिले पनि प्रतिफल पाउन नसक्ने र सधैं संकटमा रहिरहने हुन्छ । *-डिसी नेपाल डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय** ५४०२०१
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००,
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :सवारी साधनमा खर्चको योग छ। विद्यार्थीहरूको आत्मविश्वासमा वृद्धि हुनेछ। | **तुला** :आफन्तको सहयोग प्राप्त हुनेछ । आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । |
| **वृष** :कार्यक्षेत्रमा नयाँ जिम्मेवारी मिल्नेछ। पारिवारिक सद्भावना बढ्नेछ । | **बृश्चिक** :आज पढाइमा बाधा आउनेछ, यात्रामा सावधानी अपनाउनु पर्नेछ । |
| **मिथुन** :पेशामा लिएको निर्णयको प्रशंसा हुनेछ। आर्थिक पक्षमा हानिका योग छन्। | **धनु** : साहित्यिक क्षेत्रमा रुची बढ्ने र धार्मिक यात्राको योग पनि छ । |
| **कर्कट** :साहस र पराक्रममा वृद्धि हुनेछ। सेवामूलक कार्यमा आम्दानी बढ्नेछ। | **मकर**: कार्य सम्पादनमा सहजता मिल्नेछ, सफल यात्रा पनि हुनेछ । |
| **सिंह**: जग्गाजमीनको कारोबार र शेयर बजारबाट राम्रो प्रतिफल मिल्नेछ । | **कुम्भ** : कष्टकर यात्रा गर्नुपर्ला वैदेशिक क्षेत्रको कार्य सहजै अघि बढ्नेछ । |
| **कन्या** : अचल सम्पत्ती हात पर्ने योग छ । शुभ समाचार पनि सुन्न पाइएला । | **मिन** : कार्य क्षेत्रमा पदोन्नतिको योग छ। साझेदारी व्यापारमा लाभ मिल्नेछ। |

## विज्ञान/सूचना प्रविधि

# सुरेशराज शर्मालाई पायोनियर आइसिटी अवार्ड




यसवर्षको पायोनियर आइसिटी अवार्ड काठमाडौँ विश्वबिद्यालयका सस्थापाक प्रा.डा. सुरेशराज शर्मालाई प्रदान गरिएको छ । लिभिङ विथ आइसिटीले ह्यात रिजेन्सी काठमाडौंमा आयोजना गरेको नवौं संस्करणको 'इन्ड्राइभ आइसिटी अवार्ड २०२४ मा शर्मालाई प्रदान गरिएको हो । विभिन्न १५ विधामा आइसिटी अवार्ड र सातै प्रदेशका उत्कृष्ट स्टार्टअपलाइ 'रिकग्निसन' अवार्ड प्रदान गरिएको आइसिटी अवार्ड मूल समारोह समितिका अध्यक्ष राजन लम्सालले बताए । यस्तै एनसेल वुमन आइकन नेपाल बैंकका डिजिटल बैंकिंङ र कार्ड विभाग प्रमुख बन्दना शर्माले प्राप्त गरिन् भने प्रोफेसनल एक्सिलेन्स आइसिलेन्स आइसिटी अवार्ड नामीका सस्थापक डा. विशेष खनालले प्राप्त गरे । आन्टरप्रेनर्स आइसिटी अवार्ड फुडमान्डुका सस्थापक मनोहर अधिकारी र नेपाली डायस्पोरा आइसिटी अवार्ड न्युरल कम्पनिका सह-सस्थापक नामी बरालले प्राप्त गरेकी छिन् । यस्तै अवार्ड क्रिम्सन टेक कम्पनीले जित्न सफल भयो भने द एसिया फाउन्डेसन सोसियल इन्नोभेसन आइसिटी अवार्ड २०२४ जियोकृषिले प्राप्त गरेको छ । यसवर्ष प्रडक्ट आइसिटी अवार्ड एपीआई म्यानेजमेन्ट सिस्टमले प्राप्त गऱ्यो भने राइजिङ स्टार इन्नोभेसन आइसिटी अवार्ड स्पिकअपले आफ्नो पोल्टामा पाऱ्यो । त्यसैगरी सबैभन्दा बढी भोट प्राप्त गरेर हाम्रोपे पब्लिक च्याइस आइसिटी अवार्ड ज्याप सर्भिसेसले प्रात गऱ्यो । यसका साथै सातै देशहरुका स्टार्टअपहरु लक्षित गरेर आयोजना गरिएको साउथ स्टार्टअप आइसिटी अवार्ड २०२४ भरतको हाइफन एससिएसले जितेको छ, अवार्डमा उत्कृष्ट ५ मा पर्न सफल अन्य देशका स्टार्टअपलाइ पनि सम्मान गरिएको छ । यसैगरी संस्थागत अवार्ड विधाहरुमा यस वर्षको डिजिटल गभर्नेन्स अवार्ड सर्वोच्च अदालतले प्राप्त गरेको छ भने डिजिटल सर्भिसेस अवार्ड आइएमइ पे ले जित्न सफल भएको छ । डिजिटल एजुकेसन आइसिटी अवार्ड पब्लिक र प्राइवेट सेक्टरमा क्रमश सुकुना माबि मोरङ र एलआरआइ कलंकीले प्राप्त गरेका छन् । यस बाहेक सातै प्रदेशका सात सर्वोत्कृष्ट स्टार्टअपलाई समेत प्रोभिन्स स्टार्टअप आइसिटी रिकग्निसन २०२४ बाट सम्मान गरेको छ यसवर्ष कोशी प्रदेशबाट डेल्टा टेक प्रालि, मधेश प्रदेशबाट तेजस टेक प्रालि, बागमती प्रदेशबाट अभियान्त्रिक कर्मशाला प्रालि, गण्डकी प्रदेशबाट आकाश डिजिटल प्रालि, लुम्बिनी प्रदेशबाट निन्जा इन्फोसिस प्रालि, कर्णाली प्रदेशबाट बिजनेश अनलाइन सर्भिस प्रालि र सुदूरपश्चिम प्रदेशबाट फार वेस्ट इन्फोटेक एण्ड रिसर्च सेन्टर प्रोभिन्स स्टार्टअप आइसिटी रिकग्निसन २०२४ बाट सम्मानित भएका छन् । आइसिटी अवार्डका अध्यक्ष राजन लम्सालले सन् २०१६ देखि डिजिटल इकोसिस्टम विकास र प्रवर्द्धनमा क्रियासिल यो कार्यक्रम नेपालमा मात्रै नभएर विदेशमा समेत विस्तार भएको बताए । लिभिङ विथ आइसिटीले सन् २०१६ देखि हरेक वर्ष आयोजना गर्दै आइरहेको आइसिटी अवार्ड कार्यक्रम, सूचना तथा सञ्चार प्रविधि क्षेत्रको सबैभन्दा ठुलो र प्रतिष्ठित अवार्ड कार्यक्रमको रूपमा परिचित छ ।

**इन्ड्राइभ स्टार्टअप आइसिटी अवार्ड: क्रिमसन टेक**

**प्रडक्ट आइसिटी अवार्ड:** एपीआई म्यानेजमेन्ट सिस्टम (एपीआईएमएस)

राइजिङ स्टार आइसिटी अवार्ड: स्पिकअप नेपाल द एशिया फाउन्डेसन सोसल **इन्नोभेसन आइसिटी अवार्ड:** जियोकृषि

**हाम्रो पे पब्लिक च्वाइस आइसिटी अवार्ड :** ज्याप सर्भिसेस

**डिजिटल एजुकेशन आइसिटी अवार्ड (प्राइभेट सेक्टर):** एलआरआई स्कुल, काठमाडौं

**डिजिटल एजुकेशन आइसिटी अवार्ड (पब्लिक सेक्टर):** सुकुना माध्यमिक विद्यालय, मोरङ

**एनसेल वुमन आइकन आइसिटी अवार्ड:** बन्दना शर्मा

**पायोनियर आइसिटी अवार्ड:** प्रा.डा. सुरेशराज शर्मा

**आन्टरप्रेनर आइसिटी अवार्ड:** मनोहर अधिकारी

नेपाली डायस्पोरा आइसिटी अवार्ड: नामी बराल

**डिजिटल सर्भिसेस आइसिटी अवार्ड:** आईएमई पे

**डिजिटल गभर्नेन्स आइसिटी अवार्ड:** सर्वोच्च अदालत

साउथ एसिया स्टार्टअप आइसिटी अवार्ड: हाइफेन एससीएस (भारत)

**सात प्रदेशका उत्कृष्ट स्टार्टअपहरु (कोशीदेखि सुदुरपश्चिमसम्म क्रमश) :** डेल्टा टेक, तेजस टेक, अभियान्त्रिक कर्मशाला, आकाश डिजिटल, निन्जा इन्फोसिस, बिजनेश अनलाइन सर्भिस र फार वेस्ट इन्फोटेक एण्ड रिसर्च सेन्टर ।

*-अनलाइन खबर डटकम*

# चन्द्रमा वा मंगलमा यस्तै होला त मान्छे बस्ने घर ?



माथि चित्रमा देखिएको जस्तै अन्डा आकारको संरचना भविष्यमा अन्तरिक्षमा अन्तरिक्षयात्रीहरूको घर बन्ला त ? ह्याब-१ अर्थात् ह्याबिटाट-१ भारतीय अन्तरिक्ष एजेन्सी इसरोको पहिलो 'एनालग मिशन' हो । भारतीय अन्त्रिक्षयात्रीलाई अन्तरिक्षमा पठाउने तयारी गरिरहेको समयमा इसरोले उनीहरूका लागि बस्ने बन्दोबस्तबारे पनि सोचिरहेको छ । हालै लद्दाखको उच्च हिमाली भेगमा तीन हप्तासम्म ह्याब-१ परीक्षण गरिएको थियो । यो परीक्षणले अन्तरिक्ष मिशन अघि अन्तरिक्ष यात्री र उपकरणले सामना गर्न सक्ने समस्याहरूको पहिचान गर्न र त्यसको समाधानमा मद्दत गर्ने अन्तरिक्ष वास्तुकार आस्था कचा-झालाले बताएकी छिन् ।

स्पेश-ग्रेड टेफलनबाट बनाइएको ह्याब-१ लाई औद्योगिक क्षेत्रमा प्रयोग गरिने फोम इन्सुलेशन गरिएको छ । यसमा एउटा बिछौना छ । वर्कस्टेशनका रुपमा प्रयोग गर्न सकिने स्टोवावे ट्रे पनि छ । आवश्यक सरसामान र आकस्मिक किट राख्न स्टोरेज पनि छ । खानेकुरा तताउन किचन केटल छ भने एउटा शौचालय पनि छ । चन्द्रमा वा मंगल ग्रहमा ठाउँ निकै थोरै हुनेछ भन्ने कुरालाई ध्यानमा राखेर ह्याब-१ बनाइएको कचा-झालाले भनेकी छिन् । पानी पनि सीमित हुने भएकोले सुख्खा शौचालय बनाएको पनि उनले बताइन् । बस्नेलाई दूर्गन्धले नसताओस् भनेर फोहोर व्यवस्थापनको लागि छुट्टै सिष्टम बननाइएको पनि बताइएको छ ।

*-रातोपाटी डटकम*

# एनसेल पीआरबीटी सेवाले एनपीएलमा उत्साह थप्दै




नेपाल प्रिमियर लिग (एनपीएल) को फाइनल भोलि हुन गइरहेको छ, र यसले क्रिकेट प्रेमीहरूको उत्साहलाई चरम उत्कर्षमा पुऱ्याएको छ । यो माहौललाई अझ रोमाञ्चक बनाउन, एनसेलले आफ्ना ग्राहकहरूलाई आफूलाई मन पर्ने टिमलाई समर्थन गर्न कल टोन राख्न सकिने सुविधा ल्याएको छ । यससँगै ग्राहकहरूले एनपीएलका टिमहरूको थिम गीतलाई पर्सनलाइज्ड रिङ ब्याक टोन (पीआरबीटी)का रूपमा आफ्नो फोनमा सेट गर्न सक्छन् । बिहीबारसम्म, ५०,००० भन्दा बढी एनसेल ग्राहकहरूले एनपीएलका विभिन्न टिमहरूको थिम गीतलाई आफ्नो पीआरबीटीका रूपमा राखिसकेका छन् । धेरै ग्राहकहरू आफ्नो टिमलाई समर्थन गर्न कल टोन सेट गरिरहेका छन् । ग्राहकहरूले ८१२३८६३ डायल गरेर आफूले रोजेको पीआरबीटी राखेर क्रिकेटको माहौललाई थप उत्साहजनक बनाउन सक्छन् । एनसेलको पीआरबीटी एक विशेष सेवा हो । यो सेवा अन्तर्गत ग्राहकहरूले नर्मल गीतहरू बाहेक अन्य तीन तरिकामा आफ्नो रुचि, मुड, वा विशेष अवसरसँग मेल खाने गरी कल टोन सेट गर्न सक्छन । 'नेम ट्युन' पीआरबीटी सेवामा ग्राहकहरूले आफ्नो नामलाई कलर टोनको रूपमा सेट गर्न पनि सक्छन् । त्यसै गरी 'स्टाटस पीआरबीटी' अन्तर्गत निश्चित समयका लागि आफ्नो गतिविधि अनुसारमा टोन राख्न सकेछन भने उसले फोन गर्नेहरूलाई आफूले गाडी चलाइरहेको जानकारी दिने टोन राख्न सक्छन् । यसबाहेक 'आफनै धुन' पीआरबीटी सेवा अन्तर्गत ग्राहकले आफूलाई मन पर्ने गीत, धुन वा कुनै अडियो रेकर्ड गरी अपलोड गरेर टोनका रूपमा पनि राख्न सक्छन् । प्रत्येक पीआरबीटीको शुल्क करसहित मात्र रु ३१ पर्छ र यो ३० दिनसम्म सक्रिय रहन्छ । यस पीआरबीटी सेवामा सुशान्त केसी, याबेश थापा, भेकजस्ता औधी मन पराइएका कलाकारका गीतहरू देखि लिएर अरू गीतहरू पनि हरेक संगीतप्रेमीको इच्छा अनुसार छान्न सकिन्छ । एनसेलले आफ्नो पीआरबीटी सेवामा नयाँ र ट्रेन्डिङ गीतहरू नियमित रूपमा थप्ने गर्दछ, जसले यो सेवालाई विशेष बनाएको छ ।

*-हाम्रा कुरा डटकम*

# फेसबुकले रोक्यो प्यालेस्टिनी क्षेत्रका समाचार




अन्तर्राष्ट्रिय समाचार संस्था बीबीसीका अनुसार सामाजिक सञ्जाल फेसबुकले प्यालेस्टिनी क्षेत्रका समाचारलाई ठूलो संख्यामा पाठक र श्रोतासम्म पुग्नबाट रोकेको छ । तथ्यांक विश्लेषणअनुसार प्यालेस्टिनी क्षेत्र(गाजा र वेस्ट बैंक)का समाचार संस्थाले फेसबुकमा सेयर गरेका समाचारको पहुँच(रिच) उल्लेख्य मात्रामा घटाएको बीबीसीले बताएको छ । फेसबुक र इन्स्टाग्रामको माउ कम्पनी मेटाबाट लिक भएका कागजातहरूको अध्ययन गरेको बताउँदै बीबीसीले २०२३ को अक्टोबरपछि प्यालेस्टाइनी क्षेत्रका फेसबुक र इन्स्टाग्राम प्रयोकर्ताले गर्ने कमेन्टहरूमासमेत अत्यधिक मोडरेसन गरेको छ । तर, मेटाले भने आफूले जानाजान कसैको आवाज नदबाएको दाबी गरेको छ । मेटा-स्वामित्वमा रहेको फेसबुकले प्यालेस्टाइनी क्षेत्रबाट चल्ने समाचार आउटलेटहरूको सामग्रीको पहुँच सीमित पार्दै आएको बीबीसीको भनाई छ । काठमाडौं । अन्तर्राष्ट्रिय समाचार संस्था बीबीसीका अनुसार सामाजिक सञ्जाल फेसबुकले प्यालेस्टिनी क्षेत्रका समाचारलाई ठूलो संख्यामा पाठक र श्रोतासम्म पुग्नबाट रोकेको छ । तथ्यांक विश्लेषणअनुसार प्यालेस्टिनी क्षेत्र(गाजा र वेस्ट बैंक)का समाचार संस्थाले फेसबुकमा सेयर गरेका समाचारको पहुँच(रिच) उल्लेख्य मात्रामा घटाएको बीबीसीले बताएको छ । फेसबुक र इन्स्टाग्रामको माउ कम्पनी मेटाबाट लिक भएका कागजातहरूको अध्ययन गरेको बताउँदै बीबीसीले २०२३ को अक्टोबरपछि प्यालेस्टाइनी क्षेत्रका फेसबुक र इन्स्टाग्राम प्रयोकर्ताले गर्ने कमेन्टहरूमासमेत अत्यधिक मोडरेसन गरेको छ । तर, मेटाले भने आफूले जानाजान कसैको आवाज नदबाएको दाबी गरेको छ । मेटा-स्वामित्वमा रहेको फेसबुकले प्यालेस्टाइनी क्षेत्रबाट चल्ने समाचार आउटलेटहरूको सामग्रीको पहुँच सीमित पार्दै आएको बीबीसीको भनाई छ ।

इजरायल प्यालेस्टाइन युद्ध सुरु भएसँगै प्यालेस्टाइन टीभी, वाफा समाचार एजेन्सी र प्यालेस्टिनी अल-वाटान, वेस्ट बैंक क्षेत्रबाट संचालित, सम्पूर्ण विश्वका लागि प्यालेस्टाइनी समाचार हेर्ने महत्वपूर्ण स्रोत बने । प्यालेस्टिनी क्षेत्रबाट चल्ने २० वटा प्रमुख समाचार संस्थाहरुको फेसबुक इगेजमेन्ट डेटा विश्लेषणका आधारमा यस्तो निष्कर्ष निकालेको हो । बीबीसीको अरबी सेवाले ७ अक्टोबर २०२३ मा इजरायलमा हमासको आक्रमण हुनुभन्दा एक वर्षअघि र एक वर्षपछि पछिको तथ्यांक विश्लेषण गरेको थियो । तर, ७ अक्टोबरमा हमासले इजरायलमा गरेको हमलापछि प्यालेस्टाइन केन्द्रित समाचार संस्थाहरुको रिच र इगेजमेन्ट बढ्नुको सट्टा ७७ प्रतिशतले घट्यो । प्यालेस्टाइन टीभीको फेसबुकमा ५८ लाख फलोअर्स छन् । प्यालेस्टाइन टीभीमा काम गर्ने पत्रकारले दिएको तथ्यांकअनुसार उनीहरूको पोस्ट हेर्ने व्यक्तिको संख्यामा ६० प्रतिशतले कमी आएको देखिन्छ । च्यानलमा काम गर्ने पत्रकार तारिक जियाले भने, 'प्रयोगकर्ताको अन्तरक्रियामा पूर्ण रूपमा प्रतिबन्ध पोष्टहरू मानिसहरूसम्म पुग्न छाडेका छन् ।' बीबीसीले यही अवधिका २० वटा इजरायली समाचार संस्थाको फेसबुक डेटा समेत विश्लेषण गरेको थियो । समाचार अनुसार ७ अक्टोबर २०२३ को हमास आक्रमण अगाडिको एक वर्ष र आक्रमण पछाडिको एक वर्षमा प्यालेस्टाइन क्षेत्रका समाचारको फेसबुकमा रिच ७७ प्रतिशतले घट्दा इजरायली समाचार संस्थाको भने ३७ प्रतिशतले बढ्यो । मेटाका एकजना कर्मचारीसँग गरेको कुराकानी अनुसार हमासले आक्रमण गरेको एकहप्ता पछि मेटाले इन्स्टाग्रामको एल्गोरिदममा परिवर्तन गऱ्यो । परिवर्तित एल्गोरिदमले इन्स्टाग्राम प्यालेस्टाइनीहरूप्रति आक्रामक बनायो । अर्थात् प्यालेस्टाइनले गरेका पोष्ट र कमेन्टहरूमाथि अत्यधिक मोडरेसन सुरू भयो । तर, मेटाले भने घृणा फैलाउने सामग्री रोक्नका लागि आफूले यस्तो गरेको बताएको छ ।

*-बाह्रखरी डटकम*

# बगनासकाली गाउँपालिकाको सार्वजनिक सुनुवाई

संगीता आचार्य



**पाल्पा,** पौष ८/जिल्लाको बगनासकाली गाउँपालिकाले प्रथम चौमासिक सार्वजनिक सुनुवाई गरेको छ । पालिकाले सो अवधिमा सञ्चालन गरेका योजना तथा कार्यक्रम र आय व्ययको सार्वजनिक सुनुवाइ गरेको हो ।

गाउँपालिकाको आयोजना र बगनासकाली पत्रकार समूहको सहजीकरणमा भएको कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेमराज छिनालले आर्थिक वर्ष २०८१/०८२ मा गाउँपालिकाले सम्पादन गरेका काम तथा प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए । उनले चालु आर्थिक वर्षमा २ सय ३७ योजना रहेको बताउँदै १६६ योजना सम्झौता भैसकेको, ७१ योजना मध्ये लक्षित वर्गका ३० योजना र भौतिक पुर्वाधारतर्फ ४० योजना सम्झौता हुन बाँकी रहेको जानकारी दिए । उनले चालु आर्थिक वर्षमा भौतिक पुर्वाधार,योजना तर्फको लक्ष्यका बारेमा जानकारी दिदै प्रथम चौमासिक अर्न्तगत चालु खर्चतर्फ कुल विनियोजित रकमको २२ दशमलव ७३ प्रतिशत र पुजिँगततर्फ कुल विनियोजित रकमको १८ दशमलव २ प्रतिशत रकम खर्च भएको बताए ।

कार्यक्रममा सेवाग्राहीहरुले गाउँपालिका र वडा कार्यालयको सेवा प्रवाह, नागरिकका अपेक्षा, ज्येष्ठ नागरिक सम्मानका क्रममा वितरण गरिएको हर्लिक्स म्याद गुज्रिएको लगायतका विषयमा जिज्ञाशाहरु राखेका थिए । उनीहरुले गाउँपालिकालाई नमुना गाउँपालिका बनाउन अल्पकालिन र दीर्घकालिन योजना बनाई काम गर्नुपर्ने, बाँदर समस्या बढ्दै गएको, कृषि तथा पशुपालनका कार्यक्रमहरुमा युवाहरुको आकर्षण बढ्न नसकेको, नदीजन्य पदार्थहरुको निकासीमा भएको प्रक्रिया, शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा जनताले सोचेजस्तो प्रगति नदेखिएको लगायतका विषयमा गुनासाहरु राखेका थिए । सेवाग्राहीहरुको जिज्ञासाको जवाफ दिदै गाउँपालिकाका अध्यक्ष सरस्वती चिदीले जनतालाई सहज रुपमा सेवा प्रवाह गर्ने विषयमा गाउँपालिका संवेदनशील रहेको बताइन् । उनले गाउँपालिकाले सिमित स्रोत र साधनका बाबजुद पनि विकास र्निमाणका काममा सबैको साथ र सहयोगमा काम गर्ने, कृषि शिक्षा स्वास्थ्य लगायतका, विभिन्न कार्यक्रमहरु पालिकाको प्रमुख महत्व भित्र रहेको उल्लेख गरिन । अध्यक्ष चिदीले नागरिकलाई सहज सुविधा दिने कुरामा गाउँपालिका निरन्तर लागि परेको समेत बताउँदै सार्वजनिक सुनुवाईमा उठेका विषय र आएका सुझावहरुलाई आत्मसात् गर्दै आगामी दिनमा अगाडि बढ्ने समेत प्रतिबद्धता व्यक्त गरिन् । गाउँपालिका उपाध्यक्ष हरि प्रसाद पाठकले जनताका गुनासोलाई यथासिघ्र संवोधन गरिने बताए । उनले आफूहरु साझा जनप्रतिनिधिको रुपमा रही जनताको असल सेवकको रुपमा लागिपरेको बताउँदै गाउँपालिकाका विकास निर्माणलाई थप प्रभावकारी बनाउन भूमिका खेल्ने बताए । सेवाग्राहीहरुले उठान गरेका विषयहरुमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत छिनालसहित पालिका अध्यक्ष,उपाध्यक्ष, र बिषयगत शाखाका प्रमुखहरुले जवाफ दिएका थिए । कार्यक्रममा बगनासकाली पत्रकार समूहका सचिव दयाराज न्यौपानेद्धारा सार्वजनिक सुनुवाईका क्रममा संकलन गरिएको नागरिक अभिमत र सेवाग्राहीहरुको अभिमत्रपत्रको सार प्रस्तुत गरिएको थियो । पालिकाका अध्यक्ष सरस्वती चिदिको अध्यक्षता,समूहका अध्यक्ष भोजराज तिमिल्सिना र उपाध्यक्ष नेत्र

## खेलकुद समाचार

### आर्मीलाई हराउँदै फिदिम स्पोर्टिङ क्लब सेमिफाइनलमा



**काठमाडौं,** पौष ८/त्रिभुवन आर्मीलाई हराउँदै फिदिम स्पोर्टिङ क्लब फाल्गुनन्द गोल्डकपको सेमिफाइनलमा पुगेको छ । सोमबार नियमित समयको खेल बराबरीमा सकिएपछि खेल पेनाल्टीमा पुगेको थियो । पेनाल्टीमा फिदिमले आर्मीलाई ४-२ गोलले हराएर सेमिफाइलनमा पुगेको हो । अस्ति शनिवारदेखि शुरु भएको प्रतियोगिता यही पुस १५ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगिताको विजेताले १० लाख पाँच सय ५५ तथा उपविजेताले पाँच लाख पाँच सय ५५ रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले एक थान विद्युतीय स्कुटर तथा विधागत रूपमा उत्कृष्ट खेलाडीले समेत पुरस्कार प्राप्त गर्नेछन् । प्रतियोगितामा 'ए' डिभिजन लिगका चार वटा क्लबसहित १० टिमको सहभागिता रहेको छ ।जीत हो, प्रतियोगितामार्फत तपाईहरूको असाधारण क्षमता देखिएको छ । उपविजेता सुदूरपश्चिम रोयल्सले पनि राम्रो प्रदर्शन गर्‍यो, कठोर चुनौतीको सामना गर्दै जीत हासिल गर्ने जनकपुर बोल्ट्सका खेलाडीहरु बधाईका पात्र हुनुहुन्छ ।' आफू प्रधानमन्त्री भएपछि कीर्तिपुरमा क्रिकेट मैदानको स्तरोन्नतिसम्बन्धी पहिलो निर्णय गरेको उल्लेख गर्दै उनले यसका लागि बोलपत्र आह्वान भइसकेको बताए ।

## कर्पोरेट/अर्थ समाचार

# नेप्से २८ दशमलव ९१ अङ्कले बढ्यो



**पाल्पा,** पौष ८/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक २८ दशमलव ९१ अङ्कले बढेको छ । साता कारोबारको दोस्रो दिन सोमबार एक दशमलव ११ प्रतिशतले बढेर दुई हजार छ सय १२ दशमलव २० विन्दुमा पुगेको हो ।

नेप्सेका अनुसार सोमबार विभिन्न तीन सय २८ कम्पनीका ८९ लाख आठ हजार आठ सय ५१ कित्ता शेयर ५५ हजार नौसय ३८ पटक खरिदबिक्री हुँदा रु चार अर्ब ४३ करोड २४ हजार छसय तीनमा कारोबार भएको छ ।


सोमबारको कारोबारपछि सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड र सुपर मादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । साथै बाराही हाइड्रोपावर पब्लिक लिमिटेडको नौ दशमलव ९९ प्रतिशत, बलेफी हाइड्रोपावर लिमिटेडको नौ दशमलव ९३ प्रतिशत र नेपाल हाइड्रो डेभलपर्स लिमिटेडको शेयर मूल्य आठ दशमलव ८६ प्रतिशतले बढेको छ । त्यसैगरी मानुसी लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लाग्दा कूल ४२ वटाकम्पनीको शेयर मूल्यमा रातो देखिएको छ । नेप्सेका अनुसार सोमबार कर्पोरेट डेभलपमेन्ट बैंकको तीन दशमलव १६ प्रतिशत, पिपुल्स पावर लिमिटेडको दुई दशमलव ३१ प्रतिशत, ग्लोबल आइएमई ब्यालेन्स्ड फन्ड-१ को एक दशमलव ९० प्रतिशत र आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य एक दशमलव ८६ प्रतिशतले ओरालो लागेको छ ।

# पाल्पामा काँग्रेसको सय दिने ...

...काँग्रेस केन्द्रीय सदस्य चम्पा देवी पौड्यालले काँग्रेस कमजोर हुँदा लोकतन्त्र समेत कमजोर बन्ने भएकाले पार्टीलाई बलियो बनाएर लैजाने दिशामा सबै एक भएर जानुपर्ने बताइन् ।

काँग्रेस पाल्पाका निवर्तमान सभापति तथा लुम्बिनी प्रदेशका सांसद वीरबहादुर रानाले संगठनलाई बलियो र मजबूद बनाएर लैजान सबै तहका नेता कार्यकर्ताहरु सक्रिय भएर लाग्नुपर्ने बताए । उनले १०० दिने अभियानले पार्टी संगठनलाई थप बलियो बनाएर लैजान महत्वपूर्ण भूमिका खेल्ने बताए । उनले निरन्तर जनताको माझमा गएर संगठनसँगै विकासका लागि मेहेनत गरेमा सफलता प्राप्त गर्न सकिने धारणा व्यक्त गरे । काँग्रेस जिल्ला सभापति हिमालदत्त श्रेष्ठले संगठनलाई मजबुत बनाउन वडा टोलसम्मै अभियानलाई तिव्रता दिइएको बताए । उनले जनतामाझ पुगेर पार्टीले गरेका काम र योजनाका बारेमा बुझाउन आवश्यक रहेको औंल्याउदै त्यसका लागि आफुहरु १०० दिने अभियान लिएर हिडेको उल्लेख गरे । नेपाल विद्यार्थी संघका कन्द्रीय सदस्य तथा प्रतिनिधि सुनिल बाबु चापागाईले पार्टीका कार्यकर्ताहरूलाई ढुक्क भएर पार्टीले गरेका विकास निर्माण र योगदानको प्रचार-प्रसार गर्दै जनतामाझ जान आग्रह गरे । कार्यक्रममा जिल्ला समितिका आमन्त्रित सदस्यहरु, भातृ संगठनका पदाधिकारी तथा सदस्यहरु, प्रदेश सभाका सम्पुर्ण महासमिति सदस्य तथा महाधिवेशन प्रतिनिधिहरु, प्रदेश समिति तथा पालिका समितिका पदाधिकारीहरुको उपस्थिती रहेको थियो । जिल्ला सभापति हिमालदत्त श्रेष्ठको अध्यक्षता, पार्टी प्रवक्ता शोभाकर न्यौपानेको स्वागत, सचिव सुनिता अधिकारीको सञ्चालनमा कार्यक्रम भएको थियो ।


## हार्दिक बधाई तथा शुभकामना



कमलराज तिमिल्सेना



मुक्ति प्रसाद न्यौपाने



रामचन्द्र रायमाझी

नेपाल पत्रकार महासंघ पाल्पाको अधिवेशनबाट हाम्रा शुभेच्छुक तथा मित्रहरु कमलराज तिमिल्सेना महासंघको अध्यक्ष, मुक्तिप्रसाद न्यौपाने उपाध्यक्ष, रामचन्द्र रायमाझी सचिव जस्तो गरिमामय पदमा अत्याधिक मतबाट निर्वाचित हुनुभएकोमा उहाँहरुसहित जिल्लाका क्रियाशिल पत्रकारहरु बन्दना पोखरेल उपाध्यक्ष, दुर्गेस मल्ल, दानबहादुर हिस्की सह-सचिव, विजय बौडेल कोषाध्यक्ष, र सदस्हरुमा सुनिल कार्की, हरिबहादुर विक, नेत्र गैरे, दयाराज न्यौपाने, दीपक ढुंगाना, सुशीला रेग्मी, धनबहादुर ठाडा, केन्द्रीय परिषद् सदस्यहरुमा यज्ञमूर्ति तिमिल्सिना, राजेन्द्र लिगल, सीता डोटेल, प्रदेश परिषद् सदस्यहरुमा कृष्ण प्रसाद पोखरेल, दीपक भट्टराई, इमानसिंह राना, पवित्रा घिमिरे निर्वाचित हुनु भएकोमा **हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना** व्यक्त गर्दछौं ।

जगदीश प्रसाद भट्टराई
अध्यक्ष

एवं

गंगा बहादुर खत्री
प्रिन्सीपल

**पाल्पा प्यारागन इङ्गलिस बोर्डिङ्ग स्कुल परिवार**

तानसेन-३, पाल्पा

## वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई